**केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७४ साल श्रावण ६ गते शुक्रबार बसेको बैंठकका निर्णयहरुः**

**निर्णय नं.१**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, कृषि विकास मन्त्रालय, सिंचाइ मन्त्रालय, उर्जा मन्त्रालय, उद्योग मन्त्रालय, आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय र पशुपंछी विकास मन्त्रालयबाट विपद् व्यवस्थापनको क्षेत्रमा सम्पादन गर्नुपर्ने कार्यहरुको विस्तृत विवरणसहितको कार्ययोजना र सोको लागि मन्त्रालयसँग भएको श्रोत साधनको विवरण ६ दिनभित्र तयार गरी मिति २०७४।४।१५ गते आईतबार ०३ बजे बस्ने केन्द्रीय दैवी प्रकोप उद्दार समितिको बैठकमा पेश गर्ने ।

**निर्णय नं.२**

विपद्का घटना हुनासाथ तत्काल गर्नुपर्ने उद्दार तथा खोजतलास लगायत शान्तिसुरक्षा, निर्वाचनसम्बन्धी कार्यका लागि समेत टेलिफोन सुविधा अति आवश्यक भएको हुँदा सबै स्थानीय तहमा टेलिफोन सुविधा आगामी ३ महिना भित्र पुर्‍याउने व्यवस्था सूचना तथा सञ्चार मन्त्रालयले मिलाउने ।

**निर्णय नं.३**

विपद्का घटना हुनासाथ घटनास्थलमा खोज तथा उद्दारका लागि सुरक्षा निकाय परिचालनसँगै स्वास्थ्यकर्मीहरुको टोली पनि घटनास्थलमा पुग्ने व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउने ।

**निर्णय नं.४**

विपद्का घटना हुनाहरु हुने समय विशेष गरी श्रावण महिनाभर खोज तथा उद्दार कार्यका लागि नेपाली सेनाको काठमाडौं उपत्यका बाहिरका तीनवटा पृतनामा बेश रहने गरी हेलिकोप्टर स्टयाण्डवाई राख्ने व्यवस्था रक्षा मन्त्रालयले मिलाउने ।

**निर्णय नं.५**

धादिङ्ग जिल्लाको गंगाजमुना गाउपालिका वडा नं. २ प्रुन्दुङका १२ घरपरिवार र सोही गाउँपालिकाको सल्लेका विस्थापित ५ घर परिवारहरु समेत गरी जम्मा १७ घरपरिवार अति जोखिममा रहेको सम्बन्धमा स्थलगत अध्ययन गरी जोखिम व्वस्थापन र बस्ती व्यवस्थापनका लागि तत्काल गरिनु पर्ने कार्य र दीगो समाधानका उपायहरुका सम्बन्धमा ५ दिन भित्र प्रतिवेदन दिन

शहरी विकास मन्त्रालयले सोही मन्त्रालयका रा.प. प्रथम श्रेणीको प्राविधिक कर्मचारीको संयोजकत्वमा गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, खानी तथा भू-गर्भ विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका रा.प. द्वितीय श्रेणीका कर्मचारी सहितको टोली खटाई मिति २०७४।४।१२ गते विहीबार बस्ने केन्द्रीय दैवी प्रकोप उद्दार समितिको बैठकमा ठोस कार्ययोजना पेश गर्ने ।

निर्णय नं. ६

क) केन्द्रीय दैवी प्रकोप उद्दार समितिको मिति २०७३ आश्विन १९ गतेको निर्णयानुसार कैलाली जिल्ला अत्तरिया नगरपालिका वडा नं १३ मा मिति २०७२ चैत्र १४ गते भएको आगलागीमा परि घाइते भएका खगेश्वर राज भट्टलाई निजले उपचार वापत बढीमा १ लाख ८५ हजार रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराउन नेपाल सरकार मन्त्रिपरिषद् समक्ष सिफारिश गर्ने निर्णय भएकोमा निजले रु. ९२,९६०।-(यातायात खर्च बाहेक) मात्रको बील पेश गरेकाले उक्त रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट जिल्ला दैवी प्रकोप उद्दार कोष कैलाली मार्फत भुक्तानी दिने ।

ख) कैलाली जिल्ला अत्तरिया नगरपालिका वडा नं १३ मा मिति २०७२ चैत्र १४ गते भएको आगलागी पिडित प्रेमराज भट्ट समेत ८ जनालाई सहुलियतपूर्ण ऋण अर्थ मन्त्रालय मार्फत उपलब्ध गराउन नेपाल सरकार मन्त्रीपरिषद् समक्ष प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ७

विभिन्न जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुबाट मानव बस्तीमा पहिरो जाने सम्भावना भएका वा बस्नका लागि जोखिम भएका स्थानहरुको भूगर्भविदबाट अध्ययन गराउन विभिन्न मितिमा अनुरोध भएका क्षेत्रमा अध्ययन गराउन भूगर्भविद सहितको टोली खटाउन अनुरोध गर्ने।

निर्णय नं. ८

केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट जिल्ला दैवी प्रकोप उद्दार कोषहरुमा मिति २०७३/०९/०८ देखि २०७४/४/५ गतेसम्म निकासा भई खर्च भएको देहायको रकम समर्थन गर्ने।

| | |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्दार कोषमा निकासा रु. | ३,९१,१७,५००/- |
| सदस्यता नविकरण(ADRC) रु. | ५,६१,७०४/- |
| बैंक कमिशन खर्च रु. | × |
| हेलिकोप्टर भाडा बिल भुक्तानी (नेपाली सेना भिआईपि) रु. | × |
| जम्मा रु. | ३,९६,७९,२०४/- |